age0006.JPG https://mail.google.com/mail/u/0/


नेपाल सरकार
गृह मन्त्रालय

फोन:- ०८८-५३००४४
०८८-५३००९०
फयाक्स:- ०८८-५३००९०
Web:http://daorukumwest.moha.gov.np
E-Mail:- daorukum@gmail.com


# जिल्ला प्रशासन कार्यालय

पत्र संख्या:-०७७/०७८/प्रशासन
च.नं.

मुसिकोट रुकुम (पश्चिम)
मिति : २०७७/०५/०२

## जिल्ला प्रशासन कार्यालय, रुकुम (पश्चिम) को जरुरी सूचना:

यस जिल्लामा कोभिड-१९ को संक्रमितहरुको संख्यामा वृद्धि भईरहेको अवस्थालाई दृष्टिगत गर्दै उक्त संक्रमणको गति र फैलावट न्युनीकरण गर्न तथा कार्यालयमा भिडभाड हुन नदिन जिल्ला प्रशासन कार्यालय, रुकुम (पश्चिम) वाट प्रदान गरिने सेवा प्रवाहको ढाँचा अर्को व्यवस्था नभए सम्मको लागी मिति २०७७/०५/०३ गतेदेखी देहाय वमोजिम हुने व्यहोरा सम्वन्धित सवैमा जानकारीको लागी अनुरोध छ।

**देहाय:**

(१) नेपाली नागरिकताको प्रमाणपत्र, नागरिकताको प्रतिलिपी, नावालिग परिचयपत्र, राहदानी, हातहतियार, पत्रपत्रिका/छापाखाना दर्ता र विधान संशोधन, संघसंस्था दर्ता र नविकरण तथा अन्य सिफारिस सम्वन्धी सेवाहरु स्वास्थ्य सुरक्षाका आवश्यक सावधानी अपनाई निम्नानुसार हुने :

**निम्न:**

(क) आईतवार: आठविसकोट नगरपालिका
(ख)सोमवार: चौरजहारी नगरपालिका
(ग)मंगलवार: सानीभेरी गाउँपालिका
(घ)वुधवार: वाँफिकोट गाउँपालिका
(ङ)विहिवार: त्रिवेणी गाउँपालिका
च)शुक्रवार: मुसिकोट नगरपालिका

**सवै कार्यालय दिनमा नियमित सन्चालन हुने सेवाहरु:**

(क) शान्ति सुरक्षा सम्वन्धी सेवा
(ख) ठाडो निवेदन र उजुरी सम्वन्धी
(ग) मुद्दा सम्वन्धी कार्य
(घ)अत्यावश्यक कामको लागी सवारी पास सम्वन्धी कार्य
(ङ) विपद् व्यवस्थापन सम्वन्धी कार्य
(च) अन्य अत्यावश्यक सेवाहरु

- तोकिएको दिन (वार) मिलाएर मात्र सम्वन्धित सेवाग्राही कार्यालयमा प्रवेश गर्नुपर्नेछ।
- कार्यालयको भिडभाड र कोभिड-१९ को संक्रमणको अवस्था अनुसार उल्लेखित तालिकामा आवश्यकता अनुसार थपघट र परिमार्जन गर्दै लगिनेछ।
- जिल्लाका अन्य सार्वजनिक सेवा प्रदायक कार्यालयहरुले आफ्नो कार्यालयको कामको प्रकृति अनुसार स्वास्थ्य सुरक्षाका आवश्यक सावधानी अपानाई सेवा प्रवाहको ढाँचा निर्धारण गर्न सक्नेछन्।

उपेन्द्रराज पौड्याल
प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी

Scanned by CamScanner